वकालत मञ्च-नेपाल
ADVOCACY FORUM- NEPAL
*Lawyers forum for human rights and rule of law*

# प्रेश वक्तव्य

**२०७७ असार ६ गते**

**काठमाडौं, नेपाल**

## कुमार पौडेलको हत्या घटनामा न्याय अवरुद्ध - एक बर्षको दण्डहिनता

जुन महिनाको २० तारिख २०१९ (२०७६ असार ५ गते) अर्थात आज कै विप्लब माओवादी पार्टीको सर्लाही जिल्ला ईन्चार्ज कुमार पौडेललाई प्रहरीले सर्लाही जिल्लाको लालबन्दी नगरपालिकाको लखन्देही जंगलमा नियन्त्रणमा लिएर हत्या गरेको थियो । गैह्रन्यायीक हत्या र न्याय प्रक्रियालाई अवरुद्ध पारेको यस घटनामा पीडितका परिवार एक बर्ष देखि न्यायको पर्खाइमा रहेकाछन् । एड्भोकेसी फोरम यस गैह्रन्यायीक हत्याको घटनामा भएको अनावश्यक राजनीतिकरणको भत्सर्ना गर्दै यस घटनाको निष्पक्ष तथा स्वतन्त्र छानबिन गरी पीडित र पीडितका पीरिवारलाई न्यायको प्रत्याभूति गर्न सरकार तथा सरकारका सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छ ।

कुमार पौडेलको गैह्रन्यायीक हत्या र पीडित तथा पीडितका परिवारलाई न्याय दिनमा भएको ढिलासुस्ती र न्याय अबरुद्ध पार्ने कार्य विगत र वर्तमानमा हुने गरेका गम्भिर प्रकृतिका मानव अधिकार हननका घटनामा हुने गरेका दण्डहिनताको स्पष्ट उदाहरण हो । सन २०१९ को जुलाई ३१ मा एड्भोकेसी फोरम र ईन्सेकले घटनास्थलको अनुगमन गरी संयुक्त प्रतिवेदन सार्वजनिक गर्दै यो घटना पूर्वनियोजित घटना थियो भन्ने प्रशस्त उदाहरणहरु उजागर गरेको थियो । पीडितको परिवार र संघसंस्थाहरुको दबाव पश्चात राष्ट्रिय मानव अधिकार आयोगले २१ अक्टोबर २०१९ मा यस घटनामा संविधानको धारा १६ र अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अनुबन्ध (आईसिसीपीआर) को धारा ६ को हनन भएकोले यस घटनाको अनुसन्धान गरी घटनाका दोषीहरु उपर कानूनी कारबाही गर्न सरकारलाई सुझाव दिएको थियो । आयोगले यस घटनामा संबिधानको धारा १६ को हनन भएको ठहर गर्दै पीडितको परिवारलाई तीन लाख रुपैयाँ क्षतिपूर्ति दिन पनि सरकारलाई सिफारिस गरेको थियो । तर ८ महिना बितीसक्दा पनि सरकारले आयोगको सुझाव

**Head Office:** Nayabasti Marga House No. 203, Baluwatar, Kathmandu, P.O. Box: 21798 Tel: 977-1-4433309 /4425561 Fax: 4437440
email:info@advocacyforum.org.np, URL: http:// www.advocacyforum.org

कार्यान्वयनमा कुनै चाँसो देखाएको छैन । सर्लाही प्रहरीले पीडितको परिवारले ६ फेब्रुअरी २०२० मा दिएको जाहेरी दरखास्त पनि दर्ता गर्न ईन्कार गरेको छ भने जिल्ला सरकारी वकिलको कार्यालय सर्लाहीमा दर्ता गरेको निवेदन उपर पनि कुनै प्रगती भएको छैन । यस घटनामा जवाफदेहिता स्थापित हुन नसकेकोले पीडितका परिवारमाथि विभिन्न प्रकार दबाव र धम्कीहरु आउने गरेकोले सुरक्षा चुनौती थपिएको छ ।

मौलाउँदै गएको दण्डहिनता र न्यायमा पहुँचको अभाव रहेको हालको अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस तत्काल कार्यान्वयन गर्न र पीडकलाई कानूनी दायरामा ल्याउन सरकार समक्ष माग गर्दछौं । साथै, सम्बन्धित प्रहरी कार्यालयलाई जाहेरी दरखास्त तत्काल दर्ता गर्न आदेश दिन र निष्पक्ष र स्वतन्त्र अनुसन्धान गरी पीडित र पीडितको परिवारलाई न्याय दिन सरकार समक्ष अनुरोध गर्दछौं ।

ओम प्रकाश सेन ठकुरी

निर्देशक

एड्भोकेसी फोरम - नेपाल

**Head Office:** Nayabasti Marga House No. 203, Baluwatar, Kathmandu, P.O. Box: 21798 Tel: 977-1-4433309 /4425561 Fax: 4437440
email:info@advocacyforum.org.np, URL: http:// www.advocacyforum.org